सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

आज़ादी का अमृत महोत्सव

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५५ | गान्तोक, (शुक्रबार) ८ जुलाई, २०२२ | अङ्क २४

## ‘धर्ती मातालाई एक दिन’ राज्यस्तरीय कार्यक्रम सम्पन्न



गान्तोक।

७ जुलाई, सरकारको अद्वितीय पहल ‘धर्ती मातालाई एक दिन’ मनाउने राज्यस्तरीय कार्यक्रम ७ जुलाईमा पाङथाङको गोलितार फोम्बोङ्गलो वन्यजन्तु अभ्यारण्यमा राज्यस्तरीय कार्यक्रम सम्पन्न भयो। यस दिवसको नारा ‘सेलिब्रेटिङ नेचर–से नो टु सिंगल यूज प्लास्टिक’ रहेको थियो।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले ७ जुलाई २०१९ मा धर्ती मातालाई एक दिन–को पहल शुभारम्भ गर्नुभएको थियो। उहाँले यसैसन्दर्भमा बिहान ११ बजेदेखि ११:७ बजेसम्म सात मिनेट वाहनहरूको आवागमनमा बन्द गर्ने अनि प्राकृतिलाई प्रदुशनको कम गर्न यो पहल सुरु गर्नुभएको हो।

यस दिनमा गरिने अन्य गतिविधिहरू वृक्षारोपण, वरपर र सार्वजनिक स्थानहरू सफा गर्ने, र विभिन्न सरसफाईहरूको अभ्यासहरूलाई प्रवर्द्धन गर्ने हो। प्रत्येक वर्ष जुलाई ७ मा सिक्किम सरकारको वन तथा पर्यवरण विभागद्वारा यस अवसरलाई मनाउन विभिन्न तहमा उपयुक्त कार्यक्रमहरू आयोजना गर्दछ। यस राज्यस्तरीय कार्यक्रममा राज्यपाल श्री गंगा प्रसाद प्रमुख अतिथि र मुख्यमन्त्री

रहल पृष्ठ ३मा...

## राज्यपाल श्री गंगा प्रसाद प्रशान्ति विद्या मन्दिर, सिचेमा चार दिने ग्रीष्म शिविरमा सहभागिता



गान्तोक।

३ जुलाई, राज्यपाल श्री गंगा प्रसादले प्रशान्ति विद्या मन्दिर माध्यमिक विद्यालय, सिचेमा चार दिने ग्रीष्म शिविर भारतीय सनातन संस्कृतिक कार्यक्रम–को उद्घाटन गर्नुभयो। राज्यपालले उद्घाटन कार्यक्रमको सम्बोधनमा भन्नुभयो कि, लागुऔषध दुरुपयोग सम्बन्धी कुरा राख्दै राज्यपाल श्री प्रसादले युवाहरूलाई लागुऔषधबाट टाढा रहने आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो, लागूऔषधको लत दिनप्रतिदिन बढ्दै गएको छ, युवाहरूले लागूऔषध प्रयोग नगर्ने प्रतिज्ञा गर्नुपर्छ। समाजलाई सुधार गरेर लागूऔषद र असामाजिक तत्वबाट मुक्त गर्न युवाहरूले भरपूर योगदान दिनुपर्ने बताउनुभयो। भौतिक ज्ञानभन्दा बाहिर युवाहरूलाई अध्याचत्मिक ज्ञानको निम्ति उजागर गर्नु महत्त्वपूर्ण छ। राज्यपाल श्री गंगा प्रसादले युवा उद्यमशीलता र सशक्तिकरणलाई यसको मुख्य स्तम्भको रूपमा जोड दिनुभयो। उहाँले तल्लो तहका युवा उद्यमशीलता र सशक्तिकरणलाई प्रोत्साहन गर्न नै प्रधानमन्त्री श्री नरेन्द्र मोदीको आवाज र आत्मनिर्भर भारत को दृष्टिकोणलाई साकार पार्ने एक मात्र तरिका रहेको बताउनुभयो।

राज्यपाल श्री गंगा प्रसाद आजादीका अमृत महोत्सव कार्यक्रममा पनि बोल्नुभयो। यसबाहेक उहाँले आजादीको मुख्य उद्देश्य देशका युवाहरूलाई स्वतन्त्रता सेनानीहरूको बहादुरी कथाहरू र भारतको स्वतन्त्रता आन्दोलनका गुमनाम जोड्ने उद्देश्य रहेको बताउनुभयो।

## १४औँ दलाई लामाको ८७औँ जन्मजयन्तीमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ सहभागी



गान्तोक।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ ६ जुलाईमा गान्तोकको चानमारी भो–ल्हा–सोल–सा,सेरा जय ड्रोफेनलिङ गुम्बामा १४औँ दलाई लामाको ८७औँ जन्मजयन्तीमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ सहभागी हुनुभयो।

कार्यलय सचिव श्री कर्मा नामग्यलको स्वागत मन्तब्यद्वारा विशेष कार्यक्रमको सुरुवात गरियो। कार्यक्रममा मुख्यमन्त्री श्री तामाङले संस्कृति र परम्परालाई आफ्नो पहिचानका रूपमा संरक्षण र संवर्द्धन गर्न आग्रह गर्नुभयो। उहाँले गुम्बा परिसरमा सामुदायिक कक्ष निर्माणको प्रस्तावलाई पनि स्वीकृति दिनुभयो। सम्बोधनको क्रममा मुख्यमन्त्री श्री तामाङले १४औँ दलाई लामाले यो वर्ष सिक्किम भ्रमणका निम्ति राज्य सरकारको प्रस्तावलाई स्वीकार गरेको जानकारी दिनुभयो। उहाँले अझ समुदायको विकास र उत्थानका निम्ति राज्य सरकारबाट सक्दो सहयोग गर्ने आश्वासन दिनुभयो।

सिक्किमको तिब्बती समुदायको संरक्षणमा आयोजकद्वारा समाजका निम्ति उत्कृष्ठ सेवा र राज्य,समुदायप्रति समर्पण गरेकोमा पाँचजना सदस्यलाई सम्मान गरे। समारोहमा श्री खेन रिम्पोछे,सोनाम लामा,शिक्षा मन्त्री श्री कुङ्गानिमा लेप्चा, वनमन्त्री श्री कर्मा लोडे भोटिया ,विधायकगण, मुख्यमन्त्रीका राजनीतिक सचिव,सल्लाहकार, विभिन्न पदाधिकारीगरूको उपस्थिति रहेको थियो। यसअघि तिब्बती संसद केसाङको वक्तव्य कार्यलय सचिव कर्मा नामग्यल र स्थानीय तिब्बत सभाका अध्यक्ष श्री साङ्गे छिरिङले प्रस्ताव गरिएको धन्यवाद ज्ञापनसँगै कार्यक्रम समापन गरियो।

## मुख्यमन्त्रीको केन्द्रिय मन्त्री सर्वानन्द सोनोवालसँग भेट




गान्तोक।

४ जुलाईः राजधानी गान्तोकबाट नयाँ दिल्लीको निम्ति प्रस्थान भएका सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले नयाँ दिल्लीमा केन्द्रिय बन्दरगाह, ढुवानी तथा जलमार्ग तथा आयुष मन्त्री श्री सर्वानन्द सोनोवाललाई दिल्लीमा उहाँको कार्यलयमा भेट गर्नुभयो। भेटघाटको क्रममा राज्यका धेरै महत्त्वपूर्ण विषयहरूबारे कुराकानी भएको थाहा लागेको छ।

# नयाँ दिल्लीमा खाद्य सुरक्षा र पोषण बारे सम्बन्धित विभागका मन्त्रीहरूको सम्मेलन




नयाँ दिल्ली।
०५ जुलाईः विशेष श्रेणीका राज्यहरू र केन्द्र शासित प्रदेशहरू मध्ये सिक्किमले तेस्रो सथान प्राप्त गर्न सफल बन्यो।

भारतमा खाद्य सुरक्षा र पोषण सम्बन्धि खाद्य मन्त्रीहरूको सम्मेलन ०५ जुलाईमा नयाँ दिल्लीको अशोक होटलमा सम्पन्न भयो। कार्यक्रमको अध्यक्षता उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरणका केन्द्रीय मन्त्री श्री पियुष गोयलले गर्नुभयो। सम्मेलनमा राज्य मन्त्री श्री निरञ्जन ज्योतिको पनि उपस्थिति थियो। सिक्किम राज्य सरकारका खाद्य तथा नागरिकआपूर्ति विभाग मन्त्री श्री अरूण उप्रेतीले सहभागीता जनाउनुभयो। मन्त्री श्री उप्रेतीको साथमा खाद्य तथा नागरिक आपूर्ति विभागकी सचिव दीपा रानी थापा सहित विशेष सचिव डिकी याङ्देनले पनि सहभागीता जनाउनुभयो। मन्त्री श्री उप्रेतीले दुर्गम भूभागका कारण हाम्रो राज्यले भोग्नुपरेको समस्यालाई प्रकाश पार्दै अन्य राज्यभन्दा फरक तरिकाले समस्या समाधान गर्न भारत सरकारलाई आग्रह गर्नुभयो।

यस विषयलाई गम्भीरतापूर्वक लिँदै केन्द्रीय मन्त्रीले आफ्नो पूर्ण सहयोगको आश्वासन दिनुभयो। खाद्य एवं नागरिक आपूर्ति विभाग,भारत सरकार द्वारा जारी राज्य रैंकिंगको सूची अङ्क अनुसार,विशेष श्रेणीका राज्यहरू र केन्द्र शासित प्रदेशहरू मध्ये सिक्किम तेस्रो स्थानमा रहेको जनाइएको छ।

# तेस्रो राज्य राष्ट्रिय योजना सल्लाहकार समितिको बैठक सम्पन्न




गान्तोक।
४ जुलाईः खेलकुद एवं युवा मामिला विभाग केएन लेप्चाको अध्यक्षतामा तेस्रो राज्य राष्ट्रिय सेवा योजना (एनएसएस) सल्लाहकार समितिको बैठक बस्यो। बैठकमा सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली, प्रगि रिपोर्ट,कोषको स्थिति गतिविधि- कार्यक्रम आदि विषय छलफल गरिएको बताइएको छ।
राजधानीको स्थानीय एउटा होटलमा आयोजित बैठकमा भूराजस्व एवं आपदा प्रबन्धन विभाग सचिव अनिलराज राई, एचई-एसई निदेशक होण्डाला ग्याल्छेन, स्वास्थ्य विभागका प्रधान निदेशक डा. टिकेन्द्र के. राई र विभिन्न एनजीओका प्रतिनिधिहरू उपस्थित थिए। बैठकमा एनएसएस प्रकोष्ठकी राज्य नोडल अधिकारी ललिता छेत्रीले एनएसएस अन्तर्गत महत्वपूर्ण गतिविधिहरू र उपलब्धीहरूबारे जानकारी दिनुभयो। बैठकमा खुल्ला वस सत्र पनि राखिएको थियो, जसमा सहभागी प्रतिनिधिहरूले आफ्ना बहुमुल्य विचारहरू सुझाउहरू राखे। मन्त्री श्री लेप्चाले राज्यमा ध्वजवाहक कार्यक्रमहरूबारे सचेतना फैलाउन शिक्षा स्वास्थ्य र सामाजिक सेवा कार्यक्रमहरूमा एनएसएस सदस्यहरूको सहभागिता आवश्यक रहेको बताउनुभयो। उहाँले एनएसएस सदस्यहरूसँग नामित अधिकारीहरूले निरन्तर सम्पर्क गर्नुपर्ने आवश्यकतामाथि बल दिनुभयो। मन्त्री लेप्चाले समुदायहरूलाई एनएसएस समितिमा सामेल हुन प्रोत्साहित गर्नुपर्ने आह्वान गर्नुभयो। उहाँले परियोजनाहरूको सफल कार्यान्वयन सुनिश्चित गर्नुपर्ने आह्वान गर्नुभयो। उहाँले परियोजनाहरूको सफल कार्यान्वयन सुनिश्चित गर्न सरकारका विभागहरूको सहयोग लिनुपर्ने कुरा बताउनुभयो।

# सोरेङमा पृथ्वी दिवस पालन

सोरेङ।
७ जुलाई,सोरेङमा 'अ डे टु मदर अर्थ' राज्यव्यापी रुपमा मनाइएको छ। जिल्लापाल (सोरेङ) श्री भीम ठटालको नेतृत्वमा भएको उत्सवमा एसपी (सोरेङ) श्री जे जयपाण्डियन, श्री रञ्जन राई (महकुमा, सोरेङ), श्री डीआर विष्ट (महकुमा/मुख्यालय)-सहित अधिकारी र कर्मचारीहरूको सहभागिता थियो। जिल्लापाल श्री भीम ठटालले सहभागीहरुलाई संक्षिप्तमा भन्नुभयो पृथ्वी माताप्रति बढी ख्याल गर्नपर्नेमा आग्रह गर्नुभयो।

उहाँले यो दिन हाम्रो घर पनि हो र यो हाम्रो नियमित जीवनको हिस्सा हुनैपर्छ भन्ने पृथ्वीप्रति हामी सबैको दायित्वको सम्झनाको रूपमा मनाइँदै आएको बताउनुभयो।
यस दिवसको अवसरमा सरसफाइ अभियान र सोरेङ-सिङलिङ गुम्पाद्वारा बिरुवा रोपण गरिएको थियो । जिल्लामा ७ मिनेटसम्म सवारी आवागमन बन्ध गरियो।
साथै प्रत्येक विभागलाई आ-आफ्नो कार्यालय परिसरमा बिरुवा रोप्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ।

# मन्त्री शर्माद्वारा तार्कुमा मौरीपालन फार्मको उद्घाटन



नाम्ची।
०४ जुलाईः कृषि बागवानी पशुपालन तथा पशु चिकित्सा सेवा विभाग मन्त्री श्री लोकनाथ शर्माले दक्षिण सिक्किमको तार्कुमा प्रकृति महिमा मौरीपालन तथा मह अभियानको उद्घाटन गर्नुभयो। उहाँके साथमा मौरीपालन अभियानका प्रबन्ध निर्देशक डा. क्रिस्टोफर कार्की, मौरीपालन फार्मका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थिति थियो। उद्घाटनपछि मन्त्री श्री शर्माले फार्मको निरीक्षण गर्नुका साथै कर्मचारीहरूसँग अन्तक्रिया गर्नुभयो। बजारमा महको माग अधिक रहेको हुँदा मौरी पालकहरूलाई धेरै फाइदा हुँने अनि विस्तारै मौरीपालकहरूले निरन्तर आम्दानी गर्न सकिने उहाँले जानकारी गराउनुभयो। मौरीपालन दिगो रहने अनि जसिलै आम्दानी हुने पहलको प्रशंसा गर्नुभयो। श्री शर्माले यस फार्मलाई प्रवर्द्धन गर्न र यसलाई बजारीकरणका अवसरहरू खोज्न राज्य सरकार र सम्बन्धित विभागले सहयोग गर्ने बताउनुभयो।

प्रबन्ध निर्देशक प्रकृति महिमा मौरीपालन अनि मह अभियानका डा. क्रस्टिफर कार्कीले भन्नुभयो,यो अभियानको मुख्य उद्देश्य सिक्किमका मौरीपालनलाई प्रवर्द्धन गर्ने र राज्यलाई उत्तर पूर्व क्षेत्रको सबैभन्दा ठूलो मौरीपालन केन्द्रमा रूपान्तरण गर्नु रहेको बताउनुभयो। फार्मले मह उत्पादन मात्र नभई केक,चक्लेट, मैनबत्तीलगायत अन्य उत्पादनहरू गर्ने उद्देश्यका साथै फार्मले रोजगारी पनि प्रदान गर्ने बताउनुभयो।

हालै, यो मौरीपालन कार्यतक्रम तीन हेक्टर जमिनमा जम्मा १८० मौरीको डुढ राखिएको छ। प्रबन्ध निर्देशकले थप जानकारी दिनुभयो कि, अक्टोबरसम्म कर्मचारीहरूले राष्ट्रिय मौरी बोर्डको सहयोगमा मौरी प्रदर्शनी आयोजना गर्ने लक्ष्य राखेका छन्। यो बोर्डले भारतमा वैज्ञानिक मौरीपालनलाई प्रवर्द्धन गरी मौरी पालनको समग्र विकासको हेरचाह गर्छ।

मौरीपालकले धेरै आम्दानी बढाउनको निम्ति मह बढाउनुपर्ने मन्त्री श्री शर्माको भनाइ रहेको छ।

# मन्त्री श्री लोकनाथ शर्मा पश्चिम सिक्किमको चिन्थाङ ग्राम प्रशासनको फुटबल प्रतियोगितामा सहभागिता

गेजिङ।
पश्चिम सिक्किमको २८ चिन्थाङ ग्राम प्रशासन केन्द्र अन्तर्गत चिन्थाङ मियोङ खेलकुद संघको आयोजनामा ३ जुलाईमा चिन्थाङ निम्न माध्यमिक पाठशालाको खेलमैदानमा एक टोली, एक लक्ष्य- भन्ने नाराका साथ लागुऔषध विरोधी फुटबल प्रतिमोगिता सांस्कृतिक कार्मक्रमका साथ समापन भयो। कार्यक्रममा मन्त्री सह क्षेत्र विधायक श्री लोकनाथ शर्मा प्रमुख अतिथिको रुपमा उपस्थित हुनुभयो। मन्त्री श्री शर्माले प्रतियोगिताको विषमवस्तुको परिकल्पनाको प्रशंसा गर्नुहुँदै जनताको सकारात्मक विकासका लागि यो एउटा उदाहरणीय पहल भएको र उनीहरुको मानसिकतालाई गहिरो रूपमा देख्न सकिने बताउनुभयो।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले परिकल्पना गर्नुभएको विभिन्न पहलहरूमा प्रकाश पार्नुहुँदै विभिन्न अवसरको फाइदा लिन सुझाव दिनुभयो। विद्यार्थीहरूसँग कुरा गर्नुहुँदै भविष्यमा सफल करियरको सन्दर्भमा विभिन्न परीक्षाहरूमा सहभागी बनेर उतीर्न हुन सुझाव दिनुभयो।

कार्यक्रममा श्री सुकराम लिम्बु र श्री मोहन लिम्बूलाई विद्यालयमा पुर्याएका मोगदानको निम्ति अभिनन्दन गरिएको थियो।
उहाँको साथमा खण्ड विकास अधिकारी हिमार्तम श्री कैलाश गुरुङ, गेजिङ नगर पञ्चायतका अध्मक्ष श्री देवेन्द्र शर्मा, प्रधानाध्यापक चिन्थाङ जुनियर हाई स्कूल, श्री राजेन तामाङ, जिल्ला स्तरीय समिति, श्री एबी लिम्बू, सीएलसी अध्यक्षको पनि उपस्थित थियो।

यस्ता प्रतिमोगिताले क्षेत्रका मानिसहरुलाई स्वस्थ अभ्यासमा लाग्न र लागुऔषध दुव्र्यसनबाट बच्न उत्प्रेरित गर्ने मात्र नभई यस क्षेत्रको सरसफाईको पक्षमा वकालत गर्दै सबैलाई जिम्मेवार हुन जानकारी गरियो।

# न्यायधीश श्री जे.के महेश्वरीको सिक्किम भ्रमण




गान्तोक।

०५ जुलाई न्यायाधीश श्री जे.के. महेश्वरी, ३० जुन देखि ३ जुलाइ २०२२–सम्म सिक्किमको भ्रमण गर्नुभयो। उहाँको साथमा श्रीमती उमा महेश्वरी पनि हुनुहुन्थ्यो।

सर्वोच्च अदालतका न्यायाधीशलाई बागडोग्रा एयरपोर्टमा अधिवक्ता श्री ओपी भण्डारी, उपाध्यक्ष, सिक्किम हाई कोर्ट बार एसोसिएसन, मुख्यमन्त्रीका ओएसडी (कानूनी) र गृह विभाग र सिक्किमको उच्च अदालतका अधिकारीहरूले स्वागत गरे। रम्फुमा, सिक्किमको उच्च न्यायालयका रजिस्ट्रार जनरल श्री केडब्ल्यू भोटिया र राज्य सरकारका अधिकारीहरूले भ्रमणका महानुभावहरूलाई स्वागत गरे।

कार्यक्रम सिक्किम हाई कोर्ट बार एसोसिएशन, गान्तोकद्वारा आयोजना गरिएको थियो। न्यायाधीश श्री जे.के. महेश्वरीले भारतको सर्वोच्च अदालतको न्यायाधीश नियुक्त हुनु अघि ६ जनवरी, २०२१ देखि ३१ अगस्ट, २०२१ सम्म सिक्किमको उच्च न्यायालयको मुख्य न्यायाधीशको रूपमा सेवा गर्नुभयो। सम्मान कार्यक्रम सिक्किम हाई कोर्ट बार एसोसिएसनले न्यायाधीश श्री जे.के.महेश्वरी भारतको सर्वोच्च अदालतमा न्यायाधीशको रूपमा नियुक्त हुने सिक्किमका पहिलो मुख्य न्यायाधीश हुन्। कार्यक्रममा सिक्किम हाई कोर्टका मुख्य न्यायाधीश श्री विश्वनाथ सोमद्दर, सिक्किम उच्च न्यायालयको न्यायाधीश श्रीमती मीनाक्षी मदन राई र न्यायमूर्ति भास्कर राज प्रधान, सम्मानित अतिथिको रूपमा उपस्थित थिए।

कार्यक्रममा न्यायिक अधिकारीहरू, कार्यकारी सदस्यहरू र सिक्किम हाई कोर्ट बार एसोसिएशनका सदस्यहरू, विद्वान अधिवक्ताहरू, संकायहरू र राज्यका विभिन्न कानूनका विद्यार्थीहरू र अन्य आमन्त्रित अतिथिहरूको उपस्थिति थियो।

त्यसपछि, मुख्य अतिथि र विशिष्ठ महानुभावहरूद्वारा सिक्किम हाई कोर्ट बार एसोसिएसन २०२१–२२ को लागि स्मारिका विमोचन गरियो। अतिरिक्त अधिवक्ता र सिक्किम हाई कोर्ट बार एसोसिएसनका अध्यक्ष डा. डोमा टी.भोटियाले स्वागत भाषण दिनुभए कार्यक्रमको सुरुवात भयो।

कार्यक्रमको मुख्य आकर्षण न्यायाधीश जे.के. महेश्वरीले 'भारतको संविधानको अनुच्छेद – २२६ अन्तर्गत लिखित अधिकार क्षेत्र' शीर्षकमा न्यायमूर्ति महेश्वरीले रिट क्षेत्राधिकारको ऐतिहासिक परिप्रेक्ष्य प्रस्तुत गर्दै यो पहिलो पटक सन् १७७४ मा भारतमा लागू भएको र त्यसपछिको समयलाई प्रकाश पार्नुभयो।

त्यसपछि प्रमुख अतिथि, विषिष्ठ अतिथिहरुलाई स्मृति चिन्हले सम्मान गरिएको थियो।

सिक्किम हाईकोर्ट बार एसोसिएसनकी सचिव सुश्री लक्ष्मी सी गुरुङको धन्यवाद ज्ञापनद्वारा कार्यक्रमको समापन भयो। आफ्नो राज्य भ्रमणको क्रममा, श्री न्यायाधीश जे.के. महेश्वरीले खउक्र–ख विश्वविद्यालय सिक्किमको स्कूल अफ लिगल स्टडीजमा एक अन्तरक्रियात्मक सत्रमा पनि भाग लिइन्। सिक्किमको भ्रमणका क्रममा उनले त्सोमगो ताल र ऐतिहासिक नाथुला पासको पनि भ्रमण गरे।

## 'धर्ती मातालाई एक दिन'........

श्री प्रेमसिंह तामाङ विशिष्ट अतिथिको रुपमा उपस्थित रहनुभयो। गोलिटार, फाम्बोङ्ल्हो वन्यजन्तु अभयारण्यमा जानुअघि, महानुभावहरू र उपस्थित सबैले गणेश टोक परिसरमा टासी भ्यू प्वाइन्टसम्मको सडकमा सरसफाइ अभियानमा भाग लिएर,बिहान ११ बजेदेखि ११:०७ बजेसम्म सात मिनेटको सवारी निषेधको अवलोकन पनि गरेका थिए। बिरुवा संरक्षक भवनमा प्रमुख अतिथिले बिरुवा र वन विभागका सवारीसाधनलाई सर्वसाधारणलाई नि:शुल्क वितरणका लागि झण्डा देखाएर विदाई गरियो। गोलिटारमा आयोजित कार्यक्रममा प्रमुख अतिथि तथा अन्य विशिष्ट व्यक्तिहरुद्वारा बिरुवा रोपेर सुरु भएको थियो, त्यसपछि ओपन एयर बायोडाइभर्सिटी थिएटरमा उपस्थित महानुभावहरुलाई औपचारिक स्वागत गरियो। स्वागत सम्बोधन सीसीएफ(मुख्यलय), वन तथा पर्यावरण विभाग, श्री एन.डब्ल्यू तामाङले राख्नुभयो। सो अवसरमा राज्यपाल एवं मुख्यमन्त्रीले फाम्बोङ्लो वन्यजन्तु अभयारण्यको संशोधित नक्सा सार्वजनिक गर्नुभयो। त्यसपछि विभागले आयोजना गरेको अनलाइन छोटो भिडियो प्रतियोगिताका उत्कृष्ट तीन विजेताहरूलाई प्रमुख अतिथि अनि विशिष्ट अतिथिद्वारा विशेष गरी कार्यक्रमको लागि पुरस्कार प्रदान गर्नुभयो। प्रतियोगिताको विजेता श्रीमती सृजना क्षेत्री, रेनोककी हुनुहुन्थ्यो। उहाँलाई नगद २०००० हजार र प्रमाणपत्र प्रदान गरिएको थियो। फस्ट रनरअप पाक्योङका श्री सुशन प्रधान भए, जसले प्रमाणपत्र र नगद १५ हजार प्राप्त गरे। तेस्रो पुरस्कार श्री इशाक शंकरले जिते, जसले प्रमाणपत्र र नगद रु. १०,००० प्राप्त गरे। राज्य वन संरक्षण तथा पर्यावरण पुरस्कार निम्न नौ जना वन कर्मीहरूलाई पूर्ण समर्पणका साथ आफ्नो कर्तव्य पूरा गर्न र सकारात्मक प्रभाव सिर्जना गरेकोमा सम्मानित गरिएको थियो:

१.श्री आशिष गुरुङ, आरओ, मंगन।

२.श्री सोनम दादुल तामाङ, आरओ फाम्बुङ्ल्हो वन्यजन्तु अभयारण्य।

३.श्री ओङ्ग्याल लेप्चा,खण्ड विकास अधिकारी, लाचुङ।

४ सुश्री निम डिकी शेर्पा, बीओ रेशम व्यवसाय।

५. श्री डुप छिरिङ लेप्चा, मुख्य वन गार्ड, रानीपुल। ६.श्री नोर्डेन छिरिङ लेप्चा, वन गार्ड, केएनपी, युक्सोम।

७. श्री शेरबहादुर क्षेत्री, चालक, रेशम व्यवसाय।

८ श्रीकृष्ण प्रधान, कार्यालय सहायक, वन विभाग। ९. श्री उमेश राई, एलडीसी, सीसीएफ मुख्यालय। ब्लक अधिकारी,श्री टी.पी.अधिकारीले कार्यक्रममा स्वरचित दुईवटा गीत प्रस्तुत गर्नुभयो। कार्यक्रमको मुख्य विशेषता हरित भारत मिशनको एक भागको रूपमा, हरित क्याम्पसहरूलाई प्रवर्द्धन गर्न विद्यालयहरूलाई स्कूल नर्सरी योजना कोषको प्रस्तुतीकरण थियो।

रु.५०,००० निम्न विद्यालयहरूमा प्रत्येकलाई प्रदान गरियो:

१. सरकारी वरिष्ठ माध्यमिक विद्यालय, छुजाचेन। २. सरकारी उच्च माध्यमिक विद्यालाय माखा

३. सरकारी उच्च माध्यमिक विद्यालाय कामराङ

४.सरकारी उच्च माध्यमिक विद्यालाय सोरेङ

५. सरकारी उच्च माध्यमिक विद्यालाय कलुक

६. सरकारी उच्च माध्यमिक विद्यालाय फुदुङ

कार्यक्रममा पर्यावरण संरक्षणको क्षेत्रमा निरन्तर काम गरिरहेका जेएफएमसी एनजीओ र संघहरूलाई निरन्तर सेवाको निम्ति एक पटकको अनुदान पनि प्रदान गरिएको थियो।

यस अवसरमा बोल्दै राज्यपाल श्री गंगा प्रसादले पर्यावरण गतिविधिसँगै सहभागी हुन पाउँदा आफू खुसी भएको बताउनुभयो। उहाँले यस दिनले प्रकृतिलाई कृतज्ञताको प्रतीकका रूपमा

रहल पृष्ठ ४ मा...

## सार्वजनिक सूचना

### प्लास्टिकको एकल प्रयोग(सिङ्गल यूज प्लास्टिक) (एस यू पी ))उत्पादन,भण्डारण, वितरण बिक्री र प्रयोगमा निषेध गर्नको निम्ति सूचना

सम्बन्धित सबैको निम्ति मन्त्रालयद्वारा यो जानकारी गरिएको छ कि, पर्यावरण, वन र जलवायु परिवर्तन( एमओईएफ/सीसी) भारत सरकारद्वारा मिति १२ अगस्त २०२१– मा जारी गरिएको अधिसूचना सङ्ख्या जी.एस.आर ५७१(ई) अन्तर्गत १ जुलाई २०२२–देखि प्लास्टिकको निर्माण, उत्पादन,आयात, भण्डारण, विक्री वितरण सिङ्गल यूज प्लास्टिक (एसयूपी) पूर्ण रुपले निशेषध गरिनेछ।

प्लास्टिक फोहोर व्यवस्थापन(संशोधन) नियम,२०२१ को ४(२) अनुसार सिङ्गल यूज प्लास्टिक (एस यू पी)उत्पादन आयात, भण्डारण,वितरण बिक्री र निम्नलिखित पोलिस्ट्राइन अनि विस्तारित पोलिस्ट्राइन वस्तुहरुको प्रयोग १ जुलाईदेखि प्रतिबन्ध गरिनेछ–

**क) प्लास्टिकको डण्ठा भएको कान कोट्याउने अथवा एयरबड्स, प्लास्टिकको डण्ठासहितको बेलुन, फ्लास्टिकको झण्डा, क्यान्डी स्टिकहरू, आइसक्रिम स्टिकहरू, सजावटको निम्ति पोलीस्टरीन(थर्मोकोल)।**

**ख) प्लेट,मग,ग्लास, काँटा,चम्ची चक्कु,स्ट्र, ट्रे, प्याक वा बेर्ने, मिठाइको बाकस निमन्त्रणा कार्डहरू,सिगरेट प्याकेटहरू,प्लास्टिक वा १०० भन्दा कम्ति माइक्रोन भएको पीभीसी ब्यानरहरू।**

प्लास्टिक फोहोर व्यवस्थापन(संशोधन)नियम २०२१–को नियम ४(१)(ग) अनुसार, शुद्ध वा त पुर्ननविकरण प्सास्टिक(रिसाइकल प्लास्टिक)बाट बनेको ७५ माइक्रोनभन्दा कम मोटाइ अनि ४(१) नियम अनुसार ६० ग्राम प्रति स्कवेर मिटर(जीएसएम) युक्त नबुनिएको प्लास्टिक बोक्ने झोला ३० सितम्बरदेखि उपयोगमा प्रतिबन्ध गरिएको छ। साथै नियम ४(१)(ग) बमोजिम नयाँ वा रिसाइकल गरिएको एक सय बीस(१२०) भन्दा कम माइक्रोन युक्त झोला पनि ३१ दिसम्बर २०२२ देखि प्रतिबन्ध गरिनेछ।

सबै उत्पादक,स्टक,विक्रेता,पसल, स्थापना (मल/बजार/सपिङ सेन्टर/ सिनेमा घर/पर्यटन स्थान/विद्यालय/महाविद्यालय/ कार्यलय कम्पलेक्स/ अस्पताल र अन्य संस्थानहरू)मा र आम जनतालाई समय रेखा अनुसार पहिचान गरिएका एसयूपी वस्तुहरूको उत्पादन,भण्डारण वितरण,बिक्री र प्रयोग रोक्न उक्त एमओईएफ/सीसी अधिसूचना निर्दिष्ट गरिएको छ। यसबाहेक,३० जून २०२२ सम्म माथि उल्लेखित एसयूपी वस्तुहरूको शून्य सूची सुनिश्चित गर्न सम्बन्धित निकायहरूले आवश्यक कारबाही गर्नुपर्नेछ।

यस कानूनको उल्लङ्घन गर्नेविरुद्ध पर्यवरण संरक्षण ऐन,१९८६ अन्तर्गत उपयुक्त निकायबाट सामान जफत गर्ने, पर्यवरणीय क्षतिपूर्ति असुल्ने,उद्योग व्यवसाहिक प्रतिष्ठान सञ्चालन बन्द गरिने छ।

**सचिव**
**शहरी विकास विभाग**

# मङ्गन जिल्लाका निम्ति जिल्ला टास्क फोर्स खोप सम्पन्न



मङ्गन।

६ जुलाई, मङ्गन जिल्लाका लागि जिल्ला टास्क फोर्स खोप (डीटीएफआई)–को बैठक ०६ जुलाईमा पेन्टोकस्थित जिल्ला अधिकारी मङ्गनको कक्षमा सम्पन्न भयो। स्वास्थ्य सेवा, मानव सेवा तथा परिवार कल्याण विभागद्वारा आयोजित उक्त बैठकमा जल्लापाल मङ्गनको अध्यक्षतामा डा.एबी कार्की, सीएमओ मङ्गन र लाइन विभागका प्रतिनिधिहरूको उपस्थितिमा भएको थियो। डीआरसीएचओ डा.तारा गौतमले बैठकमा सबैलाई स्वागत गर्नुभयो। कोभिड खोप सम्बन्धी विभिन्न पक्ष र विवरणहरू समेट्ने जिल्ला टास्क फोर्स खोपको बारेमा पावर पोइन्ट प्रस्तुतीकरण दिनुभयो। उहाँले योग्य लाभार्थीहरूका लागि घरदैलो खोप अभियान हर घरमा संक्षिप्त प्रतिवेदन पनि दिनुभयो।

जिल्लापाल मङ्गन, डा.एबी कार्कीले आफ्नो संक्षिप्त सम्बोधनमा खोप कार्य र जनसांख्याका बारेमा

रहल पृष्ठ ४ मा...

# भर्चुअल माध्यममा सी.पी.आर परिक्षण कार्यक्रमका आयोजना

६ जुलाईः
गान्तोकस्थित राजभवन परिसरमा ६ जुलाईमा,न्यू एसटीएनएम अस्पतालका हृदय विशेषज्ञ डा. पाल्देन अनि उहाँका सह टोली साथै मेदान्त अस्पताल पटनाका वरिष्ठ हृदय विशेषज्ञ डा. अजय सिन्हाद्वावरा भर्चुअल माध्यममा सी.पी.आर परिक्षण कार्यक्रमका आयोजना गरियो।

कार्यक्रममा आई.टी.बी.पी.एन.डी आर एफ.के सेना तथा राजभवनका अधिकारीगण साथै कर्मचारीको बुनयादी जीवन बचाऊँ प्रक्रियाबारे अवागत गर्दै तालिम दियो। साथै विभिन्न बाँधाहरूलाई समाधान गरियो। यस अविधिमा अटोमेटेड अक्सर्टल डिफिब्रिलेटर (एईडी)जो अटोमेटिक झटका दिने मेशिन हो,त्यसलाई प्रयोग गर्ने उपाय सिकाइयो।

डा. पाल्देनले भन्नुभयो कि, जीवन बचाउँने कुरामा ढिलो गर्नु हुँदैन् त्यसैले धैरै सचेतना जगाउन आवश्यक छ। अस्पतालबाहिर कुनै व्यक्तिलाई हृदयघात हुँदा १० मध्ये १ जना मात्र बाँच्छन् र यदि खाँचोमा परेकाहरूलाई समयमै उपचार गरिएमा बजाउन सकिन्छ।

यसैक्रममा राजभवनका अधिकारी कर्माचारी डा. सन्दीपचन्द्र प्रधान डा.वीरेन्द्र , डा,पुष्कर, नर्सिङ अफिसर छिमी एवं कार्डियक टेक्नोलांजिस्ट पेमा और रुबेनको उपस्थिति थियो। कार्यक्रममा राज्यपाल श्री गंगाप्रसादले मानव कल्याण हेतु शहरको कुनै जग्गामा एईडी यन्त्र प्रदान गर्ने घोषणा गर्नुभयो।

# साहित्यकार उपमान बस्नेतको निधनमा श्रद्वाञ्जली सभा



गेजीङ।
३ जुलाई, नेपाली साहित्य जगतका वरिष्ठ लेखक,साहित्यकार, स्रष्टाका सम्पदक स्व.उपमान बस्नेतको निधनमा गहिरो शोक व्यक्त गर्दै पश्चिम सिक्किम साहित्य प्रकाशनले आफ्नो निजी कार्यालय गेजिङमा शोक सभाको आयोजन गऱ्यो। पद्मश्री श्री केदार गुरूङको अध्यक्षता बसेको सभामा सम्पादक दलमान मुखिया, संगठनका सचिव लक्ष्मीप्रसाद गुरूङ लगायत अन्य सदस्यहरूको उपस्थिति रहेको थियो।

दुई मिनेटको मौन धारणपछि साहित्य प्रतिष्ठानले आफ्नो संगठनका एक महान हस्ति एवं वरिष्ठ साहित्यकार बस्नेतलाई गुमाउनु परेको ठूलो अपूर्ण क्षति हो भन्दै साहित्यकार श्री दलमान मुखियाले उहाँको साहित्यिक गतिविधि र जीवनीमाथि प्रकाश पार्नुभयो।

गेजिङ जिल्लाको याङथाङ क्षेत्रमा पर्ने उपमान बस्नेतको गत १ जुलाईको दिन निधन भएको हो।

साहित्यकार बस्नेतको निधनले नेपाली साहित्य क्षेत्रमा अपुर्णीय क्षति पुगेको छ। यस दुःखद घडिमा उहाँलाई हार्दिक श्रद्धाञ्जली सहिद परिवारलाई ईश्वरले सहन गर्ने शक्ति प्रदान गरून् भन्दै सम्वेदना व्यक्त गरियो।

## 'धर्ती मातालाई एक दिन'........

फिर्ता दिने सम्झना गराएको बताउनुभयो। उहाँले सिक्किमको स्वच्छ र हरियाली छवि कायम राख्न सबैलाई आग्रह गर्नुभयो।

सिक्किमका ग्रामीण क्षेत्रका मानिसहरूसँग आफ्नो प्रत्यक्ष अन्तरक्रियाको अनुभव पनि साझा गर्नुभयो। उहाँले सबैलाई आफ्नो शक्तिमा गर्व गर्न र कुनै कमी भएमा त्यसलाई पूरा गर्न काम गर्न आग्रह गर्नुभयो। राज्यपाल श्री प्रसादले बढ्दो लागुऔषध दुव्र्यसनलाई पनि छुनुभयो र न्यूनीकरणका प्रयासमा समाजको संलग्नता हुन आग्रह गर्नुभयो।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आफ्नो सम्बोधनमा कार्यक्रमलाई उत्कृष्ट प्रकारले आयोजना गरेकोमा वन विभागको सम्पूर्ण टोलीको प्रशंसा गर्नुभयो। उहाँले सिक्किमका जनतालाई वर्षमा कम्तिमा एक दिन प्रकृति माताको रेखदेखमा समर्पित गर्न अपील गर्नुभयो।

उहाँले प्रत्येक सिक्किमेली नागरिकलाई सार्वजनिक सम्पत्ति र प्राकृतिक स्रोतहरूको स्वामित्व लिन आग्रह गर्नुभयो। मुख्यमन्त्रीले भन्नुभयो कि सिक्किमका राज्यपालद्वारा गणेश टोक – टाशी भ्यू प्वाइन्ट स्ट्रेचमा सरसफाई अभियानको नेतृत्व गर्नुभयो र सबैका लागि उल्लेखनीय उदाहरण बनाउनुभयो। उहाँले विभिन्न गैरसरकारी संस्था र विद्यालयका विद्यार्थीहरूलाई उनीहरूको उत्साहजनक सहभागिताको लागि पनि स्वीकार गर्नुभयो।

मुख्यमन्त्री श्री तामाङले राज्य वन संरक्षण एवं पर्यावरण पुरस्कार प्राप्त गर्नेहरूलाई र स्कूल नर्सरी योजना कोष प्राप्त गर्ने विद्यालयहरूलाई बधाई दिनुभयो। मुख्यमन्त्री श्री तामाङले कवि लुङ्चोक निर्वाचन क्षेत्र अन्तर्गतको लिङदोम सडकलाई कार्पेट गर्ने घोषणा गरेका गर्नुभयो। उहाँले लिण्दोममा आईसीएफएआई विश्वविद्यालय बन्ने जानकारी पनि दिनुभयो, जसका लागि जग्गा उपलब्ध भइसकेको छ ।

वन तथा पर्यावरण विभागका मन्त्री कर्मा लोडे भोटियाले आफ्नो सम्बोधनमा 'अ डे फर मदर अर्थ' को उद्देश्यमा प्रकाश पार्नुभयो। उहाँले दिवसको नारा 'सेलिब्रेटिङ नेचर–से नो टु सिङ्गल युज प्लास्टिक' भन्ने विषयमा पनि बृहत् रूपमा जानकारी गराउनुभयो। मुख्यमन्त्री श्री तामाङको निर्देशन र नेतृत्वमा राज्य सरकारका केही प्रमुख वातावरणीय पहलहरू पनि प्रकाश पार्नुभयो कार्यक्रममा उत्साहजनक सहभागिताको लागि मन्त्रीले सबैलाई धन्यवाद दिनुभयो।

कार्यक्रममा केही सांस्कृतिक प्रस्तुतिहरू पनि थिए, जसमा वन फ्रन्टलाइन स्टाफद्वारा प्रस्तुत नेपालीमा सामूहिक गीत, बीओ (टी), नाम्ची, सुश्री रेखा क्षेत्रीको एकल गीत र तादोङ उच्च माध्यमिक विद्यालयका प्राथमिक विद्यार्थीहरूले हिन्दीमा सामूहिक गीत प्रस्तुत गरेका थिए।

सो अवसरमा बीओ सुश्री रेखा क्षेत्रीद्वारा संकलित म्युजिकल एल्बम पनि विमोचन गरियो। कार्यक्रममा मन्त्रीगण, विधायकगण, सल्लाहकारहरू, अध्यक्षहरू, अन्य आमन्त्रित व्यक्तिहरू, विभागका प्रमुखहरू, वन विभागका अधिकारीहरू र अन्य आमन्त्रितहरूको उपस्थिति थियो।

*स्वास्थ्य नै धन हो*

# नैरोबी फ्लाई(किरा) बाट सिक्किम कालेजका केही विद्यार्थीहरूमा भयानक संक्रमण



नैरोबी फ्लाई(किरा) तथा एसिड फ्लाईको नामले चिनिने एउटा सानो किराको आतंकले अहिले धैरै मानिसहरू पिरोलिएका छन्।

माझिटारस्थित सिक्किम मणिपाल इन्सिच्युट अफ् टेक्नोलोजीमा अध्यनरत १०० जना विद्यार्थीहरू यो किराको संक्रमणमा आएका थिए। यसपछि विस्तारै यो किराको संक्रमण चारैतिर फैलिँदै गयो र अहिले यसको संक्रमणमा धैरै ठाउँमा मानिसहरू आइरहेका छन्। सिलगढ़ी, कालेबुङ, डुवर्सका धैरै मानिसहरू पनि यो किराद्वारा संक्रमण भइसकेका रिपोर्ट छ। दक्षिण सिक्किमको जोरथाङमा यो किराको संक्रमणमा मानिसहरू आइसकेका छन्। यसरी नै गान्तोकका केही ठाउँहरूका केही मानिसहरू पनि यो किराको संक्रमणमा परेका रिपोर्ट छ। गान्तोकको हेलीपेड लगायत तादोङका केही ठाउँहरूमा केही मानिसहरू पनि यो किराको संक्रमणमा परेका थाहा लागेको छ।

यो किरा मुलरूपले पूर्वी अफ्रिकाबाट फैलिएको बताइन्छ। हेर्दा ठ्याक्कै कमलकोठी जस्तो देखिने १ मिलिमिटर अनि चौढाई ५ देखि १ मिलिमिटरसम्म हुँदछ। धैरै सानो यो किरा सजिलै घरभित्र छिर्न सक्छ अनि मनिसहरूको शरीरका कुनै पनि भागमा बस्न सक्छ। यो किरा शरीरमा बसेपछि यसले छालामा एसिड जस्तो तरल पदार्थ छोडिदिन्छ। यो एसिड लागेपछि त्यो ठाउँ २४ घण्टाभित्र चिलाउन थाल्छ अनि रातो हुन्छ, समयमा नै मलम आदि लगाए यो घाउ सुकिहाल्छ र फैलिदैँन,यो किराले टोक्दैन तर पुच्छरमा भएको एसिड झारिदिने हुँदा त्यो बसेको ठाउँको छाला चिलाउन थाल्छ र घाउ हुन थाल्छ। सजिलै जाती हुने यो घाउलाई घर फैलिन दिनु हुँदैन। छालमा किरा बसिहालेको खण्डमा त्यसलाई त्यही मिचनु हुँदैन तर फुकेर तथा झट्कारेर फ्याँक्नु पर्छ। यसो गरे ठूलो भागमा यसको एसिड फैलिँदैन। नत्र छालाको ठूलो भाग संक्रमित बन्नसक्छ. जो निकै कष्टकर हुन्छ। यो किरा छालामा बसेको थाहा पाएपछि तत्काल साबुन पानीले धोए एसिड पखालेर जान्छ र यसको प्रभाव कम हुन्छ। आतंकित बन्ने तर सतर्क रहने आह्वान स्वास्थ्य विशेषज्ञहरूले गरेका छन्।

यो किरा विशेष रूपमा वर्षा याममा देखिन्छ। घरका छेउछाउ आउने हुँदा प्रकाशको उज्यालोमा यो घरभित्र छिर्दछ। यसैले, राति झ्याल ढोका समयमा नै थुनेर सतर्क बस्नुपर्छ। नानीहरूलाई विशेष गरी घर बाहिर जान दिनु हुँदैन। घरको प्रकाशलाई धैरै उज्यालो बनाए यो किरा आकर्षित हुने पनि बताइएको छ।

यसैले मानिसहरूले यस्ता कुराहरूलाई ध्यानमा राखेर सतर्कता अप्नाउने आह्वान गरिएको छ।

# मानेबुङ देन्तामामा क्षेत्रस्तरीय फुटबल प्रतियोगिता समापन

गेजिङ।
०३–मानेबुङ–देन्ताम निर्वाचन क्षेत्रमा क्षेत्रस्तरीय खुल्ला फुटबल प्रतियोगिता २६ जूनदेखि सुरु भएर ४ जुलाईमा समापन भयो।

समापन कार्यक्रममा प्रमुख अतिथिका रुपमा वन तथा पर्यावरण मन्त्री श्री कर्मा लोडे भोटियाको उपस्थिति रहेको थियो। उहाँको साथमा जनस्वास्थ्य अभियानत्रीकी विभागका मन्त्री श्री भीमहाङ लिम्बू, सोरेङ–चाखुङ निर्वाचन क्षेत्रका विधायक श्री आदित्य गोले, लोकसभा सांसद श्री इन्द्रहाङ सुब्बा,मुख्यमन्त्रीका राजनीतिक सचिव श्री जेकब खालिङ, श्री पूर्णहाङ लिम्बूलगायत अन्य पदाधिकारीहरूको उपस्थिति थियो।

मन्त्री श्री कर्मा लोडे भोटियाले सम्बोधनको क्रममा प्रतियोगितालाई सफलतापूर्वक आयोजना गरेकोमा समितिलाइ बधाई दिनुहुँदै खेलकुदका विभिन्न फाइदाहरूबारे जानकारी गराउनुभयो।

## मङ्गन जिल्लाका निम्ति....

जानकारी लिनुभयो। उहाँले यस प्रक्रियामा सहजताका लागि अग्रपंक्तिमा रहेका कार्यकर्तालाई खोपको मिति दिनु सुझाव दिनुभयो।

बैठकमा तत्काल ध्यान दिनुपर्ने विषयमा छलफल भयो,र समाधानका लागि पनि सुझाव रहेको थियो।

सिक्किम सरकारको सूचना तथा जन–सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 500 Cps.08. 07. 2022